**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. १७४**

**पुनरावेदन नं. ०७९-RB-००२८**

पुनरावेदन दर्ता मिति २०७९।०५।०७

**मुद्दाः– स्रोत नखुलेको नेपाली नगद रूपैयाँ चोरी पैठारी ।**

| | |
|---|---|
| पर्सा जिल्ला सम्सी गा.प.वडा नं १ मा घर भई महोत्तरी जिल्ला औराही न.पा. २ बस्ने मेथर रायको छोरा हाल कारागार कार्यालय जलेश्वरमा रहेका धिरज कुमार यादव.................१<br>राम शरण सहनीको छोरा हाल कारागार कार्यालय जलेश्वरमा रहेको महोत्तरी जिल्ला औराही न.पा. २ बस्ने रमेश कुमार सहनी..............................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| इलाका प्रहरी कार्यालय गौसाला महोत्तरीका प्र.नि. बिष्णु प्रदिप बस्याल समेत जलेश्वर भन्सार कार्यालयका अनुसन्धान अधिकृत दिव्यरञ्जन दाहालको अनुसन्धान प्रतिवेदनले नेपाल सरकार...................................................................... १ | प्रत्यर्थी वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- जलेश्वर भन्सार कार्यालय,

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार अधिकृत श्री अमित पौडेल

शुरु कार्यालयको निर्णय मितिः–२०७९/०३/२७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान बरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

: विद्वान अधिवक्ता श्री बिशान्त शाक्य

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्वित नजीरः ×**

जलेश्वर भन्सार कार्यालयको मिति २०७९/०३/२७ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र दफा ९(४) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. जिल्ला महोत्तरी औरही न.पा. वडा न. १ औरही बजार स्थित पूर्वमा खाली जग्गा पश्चिममा चेपकट तर्फ आउने जाने ग्राभेल सडक, उत्तर र दक्षिणमा बर्दीवास जलेश्वर सडक यती चार किल्ला भित्र औरही बजार तर्फ आइरहेको जिल्ला महोत्तरी औरही न.पा. वडा न. २ बस्ने वर्ष अंदाजी २१ का धिरज कुमार यादवले हाँकी चलाई ऐ.ऐ.बस्ने अं. वर्ष १९ को रमेश कुमार सहनी पछाडी सवार रहेको ज. ९ प. ८२४७ नं. को मोटरसाईकल रोकी चेकजाँच गर्ने क्रममा मो.सा. चालक धिरज कुमार यादवले काँध पछाडी भिरेको कालो रंगको कपडाको झोला भित्र लुकाई छिपाई राखेको श्रोत खुल्न नसकेको नेपाली रु. ५५,००,०००।-(पचपन्न लाख रूपैयाँ) र अन्य कागजातहरु फेला परी बरामद गरी निज धिरज कुमार यादव र रमेश कुमार सहनीलाई प्रहरीको टोलीले पक्राउ गरेको भन्ने व्यहोराको ईलाका प्रहरी कार्यालय गौसालाले खडा गरेको चार किल्ला सहितको बरामदी / खानतलासी मुचुल्का।

२. ईलाका प्रहरी कार्यालय गौसालाबाट खटिएको प्रहरी टोलीले मिति २०७८/१२/१३ गते धिरज कुमार यादवले काधमा भिरेको कालो रंगको कपडाको झोला भित्र लुकाइ छिपाई चोरी पैठारी गरी ल्याएका नगद जम्मा रु ५५,००,०००/- (अक्षेरुपी पचपन्न लाख) र अन्य कागजातहरुमा इ.नं. JZZWGG ४९०८८, MD२A१५BZ२GWG०४६५० ज ९ प ८२४७ नं. को डिस्कभर मो.सा. थान १ । राजदेवी मनी ट्रान्फर लेखिएको रवर धिरज स्टाम्प थान १ । राजदेवी मनी ट्रान्फरको नाउँमा जारी नेपाल बैंक, सिटिजन्स बैंक लि. को चेक बुक र चेकबुक पाना जम्मा ३७ ।धिरज कु. यादवको नाममा जारी सिटिजनन्स बैंक लि., प्रभु बैंकको चेक जम्मा २४ थान । औरही लघु उद्यम संस्थाको नाममा खिचिएको सिटिजन्स बैंक, धिरज कु. यादवका नाममा सेन्ट्रल फाइनान्स ली. को चेक थान ९ र राष्ट्रिय सहकारी बैंक ली. को चेक थान ५ । फेला पारी बरामद गरी निज धिरज कुमार यादव र सो मोटरसाइकल पछाडी सवार ऐ. ऐ. बस्ने रामशरण सहनीको छोरा वर्ष १९ को रमेश कुमार सहनीलाई पक्राउ गरी बरामद भएका श्रोत नखुलेका रकम सहित आवश्यक

कारवाहीको लागी पठाएको च.नं. २४५५ मिति २०७८/१२/१३ गतेको प्रहरी प्रतिवेदन जलेश्वर भन्सार कार्यालयमा दाखिला हुन आएको।

३. म मेरो आमा जसोदा देवीको नाममा रहेको राजदेवी मनि ट्रान्सफरमा ग्राहकसंगबाट उठेको मेरो साथमा रहेका नगद रुपैयाँ ५५,००,०००। रकम सिटिजन्स बैंक औरहीमा जम्मा गर्न जाने क्रममा मलाई पक्राउ गरी यस कार्यालयमा दाखिला गरेको हुँदा बयानका लागी उपस्थित भएको हुँ । बरामदीत रकम ग्राहकहरुको नाम सहितको विवरण खुल्ने स्टेटमेन्ट मनि ट्रान्सफरको सफ्टवेयरमा छ, अहिले मलाई कण्ठ छैन आवश्यक परेको बेला उपलब्ध गराउन सक्छु । बरामद चेकहरु मनि ट्रान्सफर आमाको नाम तथा मेरो नामका चेकहरु हुन आवश्यक परेको बेला बैंकबाट रकम पनि झिक्नुपर्ने भएकोले साथमै लिएर हिडेको हुँ कुनै नागरिकले रु.५००० भन्दा बढि रकम साथमा लिएर हिड्न कानूनले वर्जित गरेको छ भन्ने मलाई थाहा थिएन ।मैले ओसार पसार गरेको होइन मेरो आमाको नाममा रहेको मोटरसाईकल आफ्नै हो म संगै जाने मेरो गाउँको साथी हो बजारसम्म जाने काम छ संगै जान्छु भनेको हुनाले मेरो साथमा गएको हो।बैंकमा रकम राख्दा र झिक्दा यसरी नै बैंकमा जाने आउने गरेको, मेरो आमाको नाममा रहेको मोटरसाईकल आफ्नै हो, रमेश कुमार मेरो गाउँको साथी हो बजारसम्म काम छ संगै जान्छु भनेको हुनाले मेरो साथमा गएको हो, पैसा मनि ट्रान्सफरको हो मलाई सजाय नगरीयोस म श्रोत र प्रमाण पेश गर्ने छु, म अन्यायमा परेको छु। म थुनामा रहेको अवस्थामा मेरो आमा जसोदा देवीले प्रमाण पेश गर्नु हुन्छ भन्ने समेत व्यहोराको प्रतिवादी धिरज कुमार यादवले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

४. म मेरो साथी धिरज कुमार यादवको मोटरसाईकलको पछाडी बसेर बजार जांदै थिए।मेरो साथी धिरजलाई गौसाला इलाका प्रहरी कार्यालयको टोलीले उसको साथबाट नगद रू. ५५,००,०००। (पचपन्न लाख रूपैया) पैसा फेला परेकोले म उ संगै भएको नाताले मलाई पनि पक्राउ गरेकोले बयानका लागी यस कार्यालयमा आएको हुँ।पैसा मेरो साथीबाट बरामद भएको हो, मलाई केही थाहा थिएन प्रहरीले खानतलासी गरी सकेपछि मात्र थाहा भयो ।उल्लेखित रकमको बारेमा मलाई केही जानकारी छैन मलाई सजाय नगरीयोस ।नगद ओसार पसारमा मेरो कुनै संलग्नता छैन, म निर्दोस छु मलाई न्याय दिनुहोस् भन्ने व्यहोराको प्रतिवादी रमेश कुमार सहनीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

५. उक्त रुपैयाँको श्रोत खुल्ने कुनै प्रमाण, बैक स्टेटमेन्ट, खरीद बिक्री खाता रसीद केही पनि प्राप्त हुन नसक्दा निजहरुको साथबाट प्रहरी कार्यालयले बरामद गरी यस कार्यालयमा बुझाएका श्रोत पुष्टि हुन नसकेका उक्त नेपाली नगद रुपैयाँ जफत गरी विगो बमोजिमको जरीवाना नगर्नु पर्ने देखिएन,। तसर्थ इलाका प्रहरी कार्यालय गौसाला बाट बरामद भै यस कार्यालयमा बुझाईएका नगद नेपाली रुपैयाँको श्रोत पुष्टि हुन नसकेकोले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) खण्ड (ग) अनुसारको बिगो र सो काममा प्रयोग भएको मोटरसाइकल जफत गरी बिगो बमोजिमको जरिबाना रु

५५,००,०००। (पचपन्न लाख रूपैया) र जनही हदै सम्मको एक वर्ष कैद सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग माग दावी सहित मुद्धा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकृत दिब्य रन्जन दाहालले पेश गरेको प्रतिवेदन ।

६. ईलाका प्रहरी कार्यालय गौशालाले बरामद गरी जलेश्वर भन्सार कार्यालयमा पेश गरेको नेपाली रुपैया ५५,००,०००।- (पचपन्न लाख रूपैयाँ) र सो कामका लागी प्रयोग भएको सवारी साधन मोटरसाईकल जफत गरी भन्सार ऐन २०६४ को दफा ५७ को (१ग) को खण्ड (ग) बमोजिमको कसुर गरेकोले बिगो रकम रु.५५,००,०००।- र जनही हदै सम्मको १ बर्षको कैद सजाय हुन मागदावी सहित श्री जलेश्वर भन्सार कार्यालय मालिवारा महोत्तरीमा मुद्धा चलाउने गरी जिल्ला सरकारी वकिल कार्यालय महोत्तरीका सहायक जिल्ला न्यायाधिवक्ता श्री सुरेन्द्र यादवबाट निर्णय भई प्राप्त राय ।

७. भन्सार कार्यालयमा प्राप्त हुन आएका श्रोत नखुलेका नेपाली नगद रुपैया भन्सार ऐन, २०६४ को दफा ५७र सम्पत्ति शुद्धीकरण निवारण ऐन (१), २०६४ को परिच्छेद ६क का दफाहरु आर्कर्षीत भै सोही बमोजिम गर्नु पर्ने देखिन आयो।भन्सार ऐन, २०६४ को परिभाषा खण्ड (ल) मा मालवस्तु भन्नाले मुद्रा लगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पदर्छ भन्ने भएकोले र सम्पत्ति शुद्धीकरण ऐनको दफा २९घ अनुसार मुद्रालाई पनि प्रचलित कानून अनुसार मालवस्तु मानिने कुरा उल्लेख भए अनुसार उक्त ऐनको परिच्छेद ६क अन्तर्गतका क्रियाकलाप पनि भन्सार ऐन २०६४ अनुसार नै लागु गर्नु पर्ने देखियो । कुनै सम्पत्ति आफुले जे जस्तो व्यापार, व्यवसाय वा अन्य कुनै व्यक्तिबाट प्राप्त गरेको हुँ भन्ने पक्षले बस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्नु पर्दछ । आफ्नो आर्थिक अवस्थाको श्रोत कहाँबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित आफैले गर्नु पर्ने कानुनी दायित्व रहेको हुन्छ । प्रतिवादीहरुबाट अस्वभाविक देखिने बरामदित उक्त रुपैया वैध श्रोतबाट प्राप्त भएको हो भनी आफुले आर्जन गरेको श्रोत देखाउनु पर्ने कानुनी दायित्व पनि प्रतिवादीमा रहने देखिन आयो तर फगत जिकिर बाहेक आफ्नो भनाईको पुष्टी गर्न सक्ने कुनै तथ्ययुक्त प्रमाणहरु प्रतिवादीबाट पेश हुन सकेको नदेखिंदा निजहरुबाट कसुर भएन भनि मान्न मिल्ने अवस्था देखिएन।तसर्थ प्रहरीद्वारा बरामद भै यस कार्यालयमा बुझाएका उक्त रुपैयाको कुनै ठोस स्रोत खुल्ने तथ्ययुक्त र भौतिक प्रमाणहरु पेश हुन नसकेको साथै संलग्न पेश भएका कागजातहरुले पनि बरामद भएको बिगो रकम रु ५५,००,०००/- (पचपन्न लाख रूपैयाँ) लाई बैधानिक रुपमा प्रमाणीत गर्न नसकेकोले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) अनुसारको कसुर गरेकोले सोही दफाको उपदफा (१ग) बमोजिम बिगो रकम रु, ५५,००,०००।- (अक्षेरुपी पचपन्न लाख रूपैयाँ मात्र) र सो कामका लागी प्रयोग भएको ज ९ प ८२४७ नम्बरको डिस्कभर मोटर साईकल थान १ जफत गरी सोही ऐनको दफा ५७ को उपदफा (१ अनुसार बिगो बमोजिमको जरिवाना रकम रु ५५,००,०००।- (अक्षेरुपी पचपन्न लाख रूपैयाँ मात्र) र सोही उपदफा को खण्ड (ग) अनुसार कैद

सजाय वापत जनही एक वर्ष हुने ठहर्छ भन्ने समेत व्यहोराको जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री अमित पौडेलद्धारा मिति २०७९।०३।२७ मा भएको फैसला।

८. म पुनरावेदक मध्ये धिरज कुमार यादवबाट बरामद भएको रकम बिदेशबाट ल्याएको भन्ने कुनै आधार र कुनै प्रमाण समेत नरहेको र रमेश सहनीलाई धिरज कुमार यादव सँग रकम थियो भन्ने जानकारी समेत नभएको, बजार जानु परेको हुँदा निज धिरज कुमार यादवसँग मोटरसाईकलमा पछाडी बसेको थिए। मेरो यो मुद्धामा कुनै संलग्नता नै छैन। रकम धिरज कुमारबाट बरामद भएको हो म बाट होइन जुन कुरा धिरजकुमारले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा समेत भनेको अवस्थामा हामीले कुनै अपराध नगरेको पैसा जम्मा गर्न गएको पैसा आफ्नै हो भनि बयान गरिरहेको अवस्थामा संस्थाको पैसा समाल्ने थुन्ने मोटरसाइकल समेत जफत गर्ने कार्य कानून विपरित भएकोले शुरु कार्यालय जलेश्वर भन्सार कार्यालयबाट नगद चोरी पैठारीको कसूर ठहर गरी मिति २०७९।०३।२७ गरेको निर्णय बदर गरी सफाई पाँउ भन्ने वेहोराको प्रतिवादीहरूद्वय धिरज कुमार यादव र रमेश कुमार सहनीले मिति २०७९।०५।०७ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०७।०४ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीद्वयका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री बिशान्त शाक्यले प्रतिवादीहरूको मुद्दा हेर्ने अधिकारी समक्ष बयान सम्म पनि नगराइएको, निजहरुलाई निर्दोषिताको प्रमाण पेश गर्न मौका दिएको नदेखिएको, अभियोगपत्रमा देख्ने सुन्ने भनी राखिएका साक्षी समेत केही नबुझी प्रतिवादीहरूले बरामद भएको रकम मिथिलेश कुमार मिश्र को हो भनी कारागारबाट निवेदन पठाउँदा समेत निजलाई नबुझि भएको शुरु फैसलामा भन्सार ऐन, २०६४ को दफा ८६ को त्रुटि विद्यमानता रहेकोले हचुवाको भरमा गरेको निर्णय कानुन सम्मत नभएको हुँदा शुरु कार्यालयको निर्णय बदरभागी छ। बदर गरी निजहरुले सफाई पाउनुपर्छ भनि गर्नुभएको बहस समेत सुनियो।

११. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले प्रतिवादीहरुले रकम को स्रोत नखुलाई तोकिएको बाटो बाहेक अन्यत्रबाट लुकीछुपी कारोबार गरेको देखिन्छ। मनि ट्रान्सफरको रकम भए व्यक्तिले दाखिला गरेको रकमको विवरण पनि पेश गरिएको छैन। स्रोत नै नदेखाई रकमको कारोवार गरिएको कार्य कानुन विपरित कसुर गरेको देखिंदा शूरु कार्यालयबाट गरेको निर्णय मनासिव हुंदा सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

१२. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकीर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायीहरु तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकीरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु जलेश्वर भन्सार कार्यालयको निर्णय मिलेको छ वा छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, प्रतिवादीहरु धिरज कुमार यादव र रमेश कुमार सहनी उपर भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) को कसूरमा सोही उपदफा (१ग) को खण्ड (ग) अनुसारको बिगो र सो कसूरमा प्रयोग भएको मोटरसाइकल जफत गरी बिगो बमोजिमको जरिबाना रु, ५५,००,०००। (पचपन्न लाख रूपैयाँ) र जनही हदै सम्मको एक वर्ष कैद सजाय गरी पाउँ भन्ने समेत अभियोग माग दावी सहित मुद्धा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकृत दिब्य रन्जन दाहालले मिति २०७९।०१।२५ पेश गरेको प्रतिवेदन मिसिल संलग्न देखियो। जिल्ला महोत्तरी औरही न.पा. वडा न. १ औरही बजार स्थित ज. ९ प. ८२४७ नं. को मोटरसाईकल रोकी चेकजाँच गर्ने क्रममा मोटर साइकल चालक धिरज कुमार यादवले काँध पछाडी भिरेको कालो रंगको कपडाको झोला भित्र लुकाई छिपाई राखेको श्रोत खुल्न नसकेको नेपाली रु. ५५,००,०००।-(पचपन्न लाखरुपैया) र अन्य कागजातहरु फेला परी बरामद गरी निज धिरज कुमार यादव र रमेश कुमार सहनीलाई प्रहरीको टोलीले पक्राउ गरी ईलाका प्रहरी कार्यालय गौसालाले खडा गरेको चार किल्ला सहितको बरामदी /खानतलासी मुचुल्का तयार गरी प्रस्तुत मुद्दाको उठान भएको देखिन आयो। मौकामा अनुसन्धान अधिकृत समक्ष बयान गर्दा प्रतिवादी धिरज कुमार यादव र रमेश कुमार सहनी दुवैले आफुहरुलाई राष्ट्र बैंकले तोकेको पैसाको सिमा र नियमानुसार उद्घोषण गर्नुपर्ने कुरा पनि थाहा नभएको हुंदा आफू बाट कुनै गल्ती भएको छैन, सजाय नगरियोस भनि कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

१४. भन्सार ऐन, २०६४ को दफा ५७ ले एक करोड रुपैयाँ सम्मको विगो भएको भन्सार चोरी निकासी वा पैठारी मुद्दा हेर्ने अधिकार भन्सार अधिकृतको हुने कानूनी व्यवस्था गरेको र सोही

ऐनको दफा ८६ मा यस ऐन को प्रयोजनको लागि भन्सार अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम शुरु अदालतलाई भए सरहको अधिकार हुनेछ भन्ने व्यवस्था गरेको देखियो ।

१५. नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार रहेको न्यायिक वा अर्धन्यायिक निकायले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा फौजदारी न्यायका मान्य सिद्धान्तको अक्षरशः परिपालना गर्नुपर्दछ । कुनै पनि व्यक्ति उपर अभियोग पत्र दर्ता हुन आएमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १२१ बमोजिम अभियुक्तलाई अभियोग सुनाउनुपर्ने र दफा १२२ बमोजिम त्यस्तो अभियोग उपर निजको के भनाई छ सोधी निजको बयान अभिलेख गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरिएको देखिन्छ। बयानको क्रममा अभियुक्तले आफ्नो निर्दोषिता पुष्टि गर्ने कुनै प्रमाण पेश गरेमा त्यस्तो प्रमाण बुझी परीक्षण समेत गर्नुपर्ने हुन्छ ।

१६. प्रस्तुत मुद्दामा अभियोग पत्र साथ प्रतिवादीहरुद्वय धिरज कुमार यादव र रमेश कुमार सहनीलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएकोमा निजहरुलाई अभियोगपत्र सुनाएको वा मुद्दा हेर्ने अधिकारी समक्ष बयान गराएको समेत मिसिल संलग्न कागजबाट देखिन आएन। बयान नै नलिए पछि प्रतिवादीहरुले आरोपित कसूर विरुद्ध निर्दोषिताको प्रमाण पेश गर्ने आधारभूत न्यायिक अधिकारबाट समेत बन्चित भएको देखियो। प्रतिवादीहरुले जलेश्वर कारागार मार्फत तथ्य खुलाएको भनी प्रमाण पेश गरेकोमा मिति २०७९।३।२४ मा नियमानुसार काम गर्ने भनी तोक आदेश लेखी सो सम्बन्धमा कुनै कुरा बुझेको पनि देखिदैन । वादी नेपाल सरकारले अभियोग पत्रको गवाह खण्डमा देख्ने सुन्ने साक्षीहरु पेश गरेकोमा ती साक्षी बुझेको पनि देखिन आएन ।

१७. यसरी भन्सार ऐन, २०६४ को दफा ८६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद १३ बमोजिम बाध्यात्मक रुपले पालना गर्नुपर्ने मुद्दा हेर्ने अधिकारीले प्रतिवादीहरुको बयान लिने, वादी प्रतिवादीले पेश गरेका प्रमाण बुझ्ने,आधार र कारण सहित न्याय निरोपण गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया (due process of law) अबलम्बन गरी स्वच्छ र निष्पक्ष रुपमा न्याय सम्पादन गर्नुपर्नेमा सो कुनै कुरा प्रस्तुत मुद्दामा गरेको नदेखिंदा स्वच्छ कानुनी प्रक्रिया पालना नगरी प्रतिवादीहरूलाई कसूरदार ठहर गरी भएको शुरु जलेश्वर भन्सार कार्यालयको मिति २०७९।३।२७ को निर्णयलाई न्यायोचित र कानुन सम्मत मान्न नमिलेकोले बदर गर्नुपर्ने अवस्था देखियो।

१८. यस स्थितिमा अब जलेश्वर कारागारमा रहेका प्रतिवादीहरूलाई भन्सार कार्यालय जलेश्वरमा उपस्थित गराउन आदेश दिई ,अभियोग मागदावी सम्बन्धमा प्रतिवादीहरूलाई जानकारी गराई,

मुद्दा अधिकारीले प्रतिवादीहरुको बयान लिने, प्रमाण दाखिला गराउने वा अरु जो जे बुझ्नु पर्छ बुझी कानुनको उचित प्रक्रिया पुरा गरी स्वच्छ र निष्पक्ष रुपमा कारबाही र सुनुवाई गरी आधार र कारण सहित पुनः निर्णय गर्नु भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (२) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ (१) बमोजिम शुरु जलेश्वर भन्सार कार्यालयमा मिसिल पठाउनु पर्ने हुन आयो।

१९. तसर्थ माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादीहरु धिरज कुमार यादव र रमेश कुमार सहनी उपर भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) को कसूरमा सोही दफाको उपदफा (१ग) बमोजिम सजायको मागदावी लिई अभियोगपत्र दायर भएकोमा मुद्दा हेर्ने अधिकारी समक्ष प्रतिवादीहरुको बयान नगराइएको, निजहरुलाई निर्दोषिताको प्रमाण पेश गर्ने मौका दिएको नदेखिएको तथा अभियोगपत्रमा देख्ने सुन्ने भनी राखिएका साक्षी समेत केही नबुझी भएको शुरु फैसलामा भन्सार ऐन, २०६४ को दफा ८६ को त्रुटि विद्यमान देखिंदा उक्त फैसला बदर गरिदिएको छ । अब यो फैसला प्राप्त भएको तीन दिनभित्र प्रतिवादीहरुलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई बयान लिई निजहरुले कुनै निर्दोषिताको प्रमाण पेश गरेमा उक्त प्रमाण र अभियोगपत्रमा देख्ने सुन्ने भनी राखिएका साक्षी बुझ्ने लगायतको जो जे प्रमाण बुझ्न पर्छ बुझी उचित न्यायिक प्रक्रिया अवलम्बन गरी थुनुवा भएको मुद्दा हुँदा यथाशिघ्र मुद्दाको कारवाही र किनारा गर्नु भनी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(२) बमोजिम मिसिल शुरु भन्सार कार्यालय जलेश्वरमा पठाउने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू।

## तपसील खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु जलेश्वर भन्सार कार्यालयबाट मिति २०७९/०३/२७ मा भएको निर्णय बदर भएकोले यो फैसला प्राप्त भएको तीन दिन भित्र प्रतिवादीहरूको बयान लिई वादी प्रतिवादीले पेश गरेका प्रमाण बुझ्ने लगायत अरू जो जे बुझ्नु पर्छ बुझी कानुन बमोजिम पुनः मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु भनी यो फैसला सहितको शुरु मिसिल समेत जलेश्वर भन्सार कार्यालय, जलेश्वरमा पठाई दिनू ।

२. माथी ठहर खण्डमा लेखिए बमोजिम शुरु फैसला बदर भएकोले फैसलाको तपसिल खण्डमा लेखिएको जरिवाना असुल गर्ने र मोटरसाइकल लिलाम गर्ने गरी राखिएको लगत कट्टा गर्नु भनि शुरु जलेश्वर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।

३. यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालय काठमाडौलाई पठाइदिनू ।

४. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू ।

५. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू ।

६. प्रस्तुत पुनरावेदन दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

टेकप्रसाद ढुङ्गाना

(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

पुष्प प्रसाद गुरागाईं

(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः खेमकुमारी बस्नेत

टिपोट गर्नेः कम्प्युटर अपरेटर प्रदिप तिवारी

इति सम्बत २०७९ साल पौष २८ गते रोज ५ शुभम............................................

फैसला प्रमाणिकरण मितिः

राजस्व न्यायाधिकरण काठमाडौं मुकाम ललितपुरको छापः